| | |
|---|---|
| कार्यविधि नं. :- | १० |

# मुसिकोट नगरपालिकाको करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि कार्यविधि, २०७४

| | |
|---|---|
| स्वीकृत मिति :- | २०७४।१२।०६ |

मुसिकोट नगरपालिका,
गुल्मी जिल्ला
५ नं.प्रदेश

# मुसिकोट नगरपालिकाका करार शिक्षक तथा कर्मचारी छनौट सम्वन्धित कार्यविधि २०७४

शिक्षक तथा कर्मचारी छनौट समितिवाट पारित मिति २०७४।१२।१५

यस मुसिकोट नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा रिक्त रहेका स्वीकृत तथा दरबन्दीमा करार शिक्षक छनौट गर्नको लागि मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार  शिक्षक तथा कर्मचारी छनौट समितिले यो कार्यविधि जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम  मुसिकोट नगरपालिकाका करार शिक्षक तथा कर्मचारी छनौट सम्वन्धि कार्यविधि २०७४" रहेकोछ ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)"नियम " भन्नाले मुसिकोट नगरपालिकाको स्थानीय शिक्षा नियमावली, २०७४ को नियम सम्झनु पर्छ ।

(ख)"नियमावली" भन्नाले मुसिकोट नगरपालिकाको स्थानीय शिक्षा नियमावली, २०७४सम्झनु पर्छ ।

(ग)"कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ)"नगरपालिका" भन्नाले  मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(च)"निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

(ठ)"प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ढ)“व्यवस्थापन समिति” भन्नाले नियम २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त) “शिक्षा अधिकृत” भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ)“शिक्षा शाखा” भन्नाल नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा/शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(ध) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) “शिक्षा समिति” भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको कार्यपालिकाको निर्णयबाट गठन गरेको नियम २४ अनुसारको शिक्षा समिति सम्झनु पर्दछ ।

(व)“शिक्षक तथा कर्मचारी छनौट समिति” भन्नाले नियम ५४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(श)“शिक्षक” भन्नाले स्थायी, अस्थायी करार र राहत शिक्षक सम्झनु पर्दछ ।

(ष) “सहयोगी कार्यकर्ता” भन्नाले नियम ४६ बमोजिम बाल शिक्षा केन्द्रमा अध्यापन गर्नका लागि नियुक्त सहयोगी कार्यकर्ता सम्झनु पर्दछ ।

**३. शिक्षकको माग संकलन र विज्ञापन :-**

१) विद्यालय व्यवस्थापन समितिबाट प्राप्त तह, विषय र शिक्षक संख्या समेत खुलाई प्राप्त भएको मागको विश्लेषण गरिने छ ।

२) पदपूर्तिको लागि शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा कुनै उम्मेदवार रहे नरहेको एकिन गरिनेछ ।

३) शिक्षक सेवा आयोग बाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार रहेको भएमा निजहरुलाई नियुक्ति गर्न राष्ट्रिय वा स्थानीय स्तरको पत्रपत्रिका वा एफ.एम.मा ७ दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।

४) प्रकाशित सूचना बमोजिम पर्न आएका निवेदन मध्ये करार सूचीको योग्यताक्रम अनुसार अघिल्लो योग्यताक्रमको व्यक्तिलाई विषय र तह मिल्ने भएमा नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिनेछ ।

५) आयोगद्धारा प्रकाशित सूचीमा कुनै उम्मेदवार नरहेमा वा नआएमा प्रतिस्पर्धाका लागि राष्ट्रिय वा स्थानीय स्तरको पत्र पत्रिका वा एफ.एम.मा १५ दिने सूचना प्रकाशित गर्नुका साथै शिक्षा शाखा वडा कार्यालय र सम्बन्धित विद्यालयमा समेत त्यस्तो सूचना टाँस्नु पर्नेछ र पन्ध्र दिन भित्र एक जना मात्र उम्मेदवारको दरखस्त परेमा वा एक जनाको पनि नपरेमा फेरी सात दिने सूचना टाँस गर्न सकिनेछ ।

६) प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्त उपर छानबिन गरी योग्य उम्मेदवारहरुलाई लिखित परीक्षामा प्रतिस्पर्धा गराइनेछ ।

**४ लिखित प्रतिस्पर्धा सम्वन्धि कार्यविधि :-**

प्रश्न पत्र निर्माण मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम २ बमोजिम विशेषज्ञहरुको रोष्टरबाट निर्मित प्रश्न पत्र भण्डार (त्तगभकतष्यल द्यबलप) तयार गरी वा जिल्ला शिक्षा कार्यालय, गुल्मीमा संकलित प्रश्न पत्र भण्डार (त्तगभकतष्यल द्यबलप) बाट प्रश्नहरुको सेट छनौट गरी परीक्षा संचालन गरिनेछ ।

**५. प्रश्न पत्र छनौट विधि :-** देहायका तीन सदस्यीय समितिबाट गोला प्रथा विधिबाट प्रश्न पत्र छनौट गरिने छ ।

क) शिक्षक तथा कर्मचारी छनौट समितिका अध्यक्ष-संयोजक

ख) नगर शिक्षा शाखाको प्रमुख-सदस्य

ग) छनौट समितिले तोकेको छनौट समितिको एक जना सदस्य-सदस्य

**६. परीक्षाको किसिम :-**

**क)** लिखित- १०० पूर्णाङ्क

**ख)** अन्तर्वार्ता-२५ पूर्णाङ्क

**ग)** आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

- लिखित परीक्षामा अङ्क विभाजन शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. लिखित परीक्षाको परीक्षाफल प्रकाशन :-**

छनौट समितिले लिखित परीक्षा अधिकतम अङ्क ल्याउने उम्मेदवारहरु मध्ये आवश्यक संख्या भन्दा थप २ जनाको नाम समाबेश गरी वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्नेछ ।

**८. अन्तर्वार्ता संचालन प्रक्रिया :-**

१) अन्तर्वार्तामा छुट्याइएको २५ अङ्क मध्ये सेवा अनुभवको लागि प्रति वर्ष एक अङ्कका दरले बढीमा १२ अङ्क, शैक्षिक योग्यता मध्ये प्रथम श्रेणीको ३ अङ्क द्वितीय श्रेणीको २ अङ्क र तृतीय श्रेणीको १ अङ्क तथा श्रेणी नखुलेको हकमा द्वितीय श्रेणी बराबरको २ अङ्क दिने । अन्तर्वार्ताको बाँकी १० अङ्क मध्ये व्यक्तित्व (२), आत्मविश्वास (२), प्रस्तुतीकरण (३) र विषयवस्तुको ज्ञान (३) अङ्क प्रदान गर्ने । *(अङ्क दिदा ७ भन्दा बढी र ३.५ भन्दा कमी दिन परेमा सो को कारण( स्पष्ट रुपमा खुलाउनु पर्ने)*

२) लिखित परीक्षाको नतिजा अन्तर्वार्ता सम्पन्न नहुन्जेलसम्म छनौट समितिको संयोजक वा उक्त संयोजकले तोकेको समिति सदस्यले जिम्मा लिई गोप्य रुपमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**९. अन्तिम नतिजा प्रकाशन :-**

छनौट समितिले लिखित र अन्तर्वार्तामा अधिकतम अङ्क ल्याउने उम्मेदवारलाई छनौट समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

**१०. उत्तर पुस्तिका परीक्षण गर्ने सम्बन्धी विधि :-**

**क)** शिक्षक तथा कर्मचारी छनौट समितिद्वारा संचालित परीक्षाका उत्तर पुस्तिका परीक्षण शिक्षा नियमावलीको ५४ (२) बमोजिमको विशेषज्ञ वा जिल्ला शिक्षा कार्यालय, गुल्मीमा रहेको विशेषज्ञका सूचीका व्यक्तिहरु मध्ये गोला प्रथाद्धारा छनौट गरी छनौट भएका व्यक्तिहरुबाट हुनेछ ।

**ख)** विशेषज्ञ गोला प्रथाद्धारा छनौट यस कार्यविधिको दफा ८ को समितिद्वारा हुनेछ ।

**११. विशेषज्ञ, परीक्षार्थी र छनौट समिति विशेषज्ञ समिति परीक्षामा संलग्न सबैले पालना गर्नुपर्ने आचारसंहिता :-**

- मोबाईल लैजान नहुने ।
- हात हतियार तथा धारिलो वस्तु लैजान नहुने ।
- शिष्ट र नम्र व्यवहार गर्नुपर्ने ।
- होहल्ला गर्न नपाईने ।
- परीक्षाका आवश्यक गोपनियता कायम गर्ने ।

**१२. कोडिङ्ग/डिकोडिङ्ग सम्बन्धि विधि :-** छनौट समितिको संयोजक वा निजले अधिकार दिएको छनौट समितिको सदस्यले उत्तर पुस्तिकाको कोडिङ्ग/डिकोडिङ्ग गर्नेछ ।

**१३. उत्तरकुञ्जिका निर्माण**

उत्तर पुस्तिका जाँचकीले उत्तरकुञ्जिका निर्माण गरी त्यसैको आधारमा उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने छ ।

**१४. परीक्षा अनुगमन :-** प्रश्न पत्र निर्माण, परीक्षा संचालन र उत्तर पुस्तिका परीक्षण कार्यको सघन अनुगमन गर्ने व्यवस्था शिक्षक तथा कर्मचारी छनौट समितिले मिलाउने छ ।

**१५. कर्मचारीको छनौट विधि, परीक्षा र पाठ्यक्रम :-** विद्यालय कर्मचारी र कार्यालय सहयोगीको छनौट नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम (१) बमोजिमको छनौट समितिले गर्नेछ । परीक्षाको किसिम र पाठ्यक्रम छनौट समितिले तोके बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रमाणिकरण मिति : २०७४/११/१५ | संख्या १० |

मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार शिक्षक तथा कर्मचारी छनौट समितिले बनाई मुसिकोट नगरकार्यपालिकाबाट स्वीकृत देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।